# गुर्भाकोट नगर स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५

गुर्भाकोट नगरपालिका

कर्णाली प्रदेश, सुर्खेत, नेपाल

**प्रस्तावनाः** गुर्भाकोट नगरपालिकाका वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी संयन्त्र तयार गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधानको धारा २२१ तथा अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न” तथा “स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा १०२ वमोजिम गुर्भाकोट नगरसभाले यो ऐन जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गुर्भाकोट नगर स्वास्थ्य तथा सरसफाई ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “ऐन” भन्नाले गुर्भाकोट नगर स्वास्थ्य तथा सरसफाई ऐन २०७५ सम्झनुपर्छ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐन सम्झनु पर्छ।

(ग) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(घ) “उप—प्रमुख” भन्नाले नगरपालिकाको उप—प्रमुख सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले गुर्भाकोट नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) “नगरपालिका” भन्नाले गुर्भाकोट नगरपालिका सम्झनु पर्छ ।

(ज) “वडा अध्यक्ष” भन्नाले नगरपालिकाको सम्बन्धित वडामा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

(झ) “वडा समिति” भन्नाले नगरपालिकाको सम्बन्धित वडाको वडा समिति सम्झनु पर्छ ।

(ञ) “स्वास्थ्य संस्था” भन्नाले नगरपालिका क्षेत्रभित्र रहेका सरकारी अस्पताल (१५ देखि २५ बेड), आयुर्वेद औषधालय तथा केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,

सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्र र शहरी उप स्वास्थ्य केन्द्र सम्झनु पर्छ ।

(ट) “संयोजक” भन्नाले समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ठ) “उप—समिति” भन्नाले यस कार्यविधि बमोजिम गठन भएको स्वास्थ्य संस्था ब्यवस्थापन तथा सञ्चालन गर्न नगरपालिकाले गठन गरेको समितिलाई सम्झनु पर्छ ।

(ड) “संस्था प्रमुख” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु मध्ये इन्चार्ज वा प्रमुखलाई सम्झनु पर्छ ।

(ढ) “कर्मचारी” भन्नाले संस्थामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(ण) “कार्यक्षेत्र” भन्नाले सम्बन्धित स्वास्थ्य संस्थावाट नियमित रुपमा स्वास्थ्य सेवा लिने समुदायहरुले समेटेको भौगोलिक क्षेत्र र जनसंख्या तथा संस्थाले प्रवाह गर्ने सेवाहरुलाई सम्झनु पर्छ ।

(त) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(थ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(द) “ट्रष्ट वा लोककल्याणकारी” भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ध) “व्यवस्थापन समिति” भन्नाले दफा ५.१ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(न) “अनुगमन समिति” भन्नाले दफा ५.२ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु:- नगरपालिका स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय बमोजिम तीन प्रकारका हुनेछन :-

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक र शहरी स्वास्थ्य सेवा प्रदायक निकाय,

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय,

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक आदि ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** (१) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **अनुगमन तथा ब्यवस्थापनः** (१) स्वास्थ्य संस्था र बजारको खाध्य अवस्था अनुगमन, ब्यवस्थापन, सुदृढीकरण र सरसफाईको ब्यवस्थापन लगायतका कार्य गर्नको लागि स्वास्थ्य तथा सरसफाई सेवा ब्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछ ।

(२) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न, स्वास्थ्य सेवा ब्यवस्थापन गर्न देहायको नगर स्तरीय स्वास्थ्य तथा सरसफाई समितिको गठन गरिने छ ।

(क) अध्यक्ष - नगर प्रमुख

(ख) उपाध्यक्ष - नगर उप-प्रमुख

(ख) सदस्य - मेहेलकुना अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्ट

(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्य - नगर कार्यपालिकाको दलित महिला सदस्य - १ जना

(ङ) सदस्य  - नगरकार्यपालिकाको कार्यालय भएको वडाको वडा अध्यक्ष

(च) सदस्य - स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि - १ जना

(छ) सदस्य - नगरस्तरीय स्वास्थ्य बिमा बोर्डका प्रमुख - १  जना

(ज) सदस्य - महिला स्वास्थ्य स्वयंसेविका संजालको प्रतिनिधी - १ जना

(झ) सदस्य - स्थानीय सहयोगी गैरसरकारी संस्थाको प्रतिनिधि - १ जना

(ञ) सदस्य सचिव - नगर स्वास्थ्य शाखा प्रमुख

(३) सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी र शहरी सामुदायिक (स्वास्थ्य संस्था व्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहाय बमोजिमको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गर्न सकिने छ ।

(क) अस्पताल (१५ देखि २५ शैया) ब्यबस्थापन समिति तपसिल अनुसार गठन गरिनेछ

१. अध्यक्ष - नगर प्रमुख

२. उपाध्यक्ष - अस्पताल रहेको वडाको वडा अध्यक्ष

३. सदस्य - प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य - स्वास्थ्य संस्था प्रमुखहरु मध्ये बाट १ जना

५. सदस्य - नगर कार्यपालिकाको दलित महिला सदस्य -१ जना

६. सदस्य  - नगरकार्यपालिकाको कार्यालय भएको वडाको वडा अध्यक्ष

७. सदस्य - स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि - १ जना

८. सदस्य - महिला स्वास्थ्य स्वयंसेविका संजाल - १ जना

९.सदस्य - स्थानीय सहयोगीरगैरसरकारी संस्था प्रतिनिधि-१ जना

१०.सदस्य सचिब - अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्ट

(४) स्वास्थ्य संस्था सञ्चालन  तथा ब्यबस्थापन समिति तपसिल अनुसार गठन गरिनेछ

क. संरक्षक - नगर प्रमुख

ख. अध्यक्ष - स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष

ग. उपाध्यक्ष - वडा समितिले तोकेको वडा समितिको सदस्य वा स्वास्थ्य क्षेत्रको प्रतिष्ठित समाजसेवी ब्यक्ति

घ. सदस्य - निर्वाचित दलित महिला सदस्य -१ जना

ङ. सदस्य - महिला स्वास्थ्य स्वयंसेविका -१ जना

च. सदस्य - नजिकको विद्यालयको प्रधानाध्यापक -१ जना

छ. सदस्य - स्थानीय उद्योग ब्यबसायी को प्रतिनिधि -१ जना

ज. सदस्य - स्वास्थ्य आमा समूहका अध्यक्ष मध्ये महिला स्वास्थ्य स्वयं सेविका संजालको सिफारिसमा - १ जना

झ. सदस्य सचिव - स्वास्थ्य संस्था प्रमुख

(५) सामुदायिक शहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यबस्थापन उप समिति देहाय बमोजिम गठन गरिनेछः

क. संरक्षक - सम्बन्धित वडाको अध्यक्ष

ख. अध्यक्ष - स्वास्थ्य संस्था रहेको वडाको वडा सदस्य मध्ये १ जना

ग. सदस्य - निर्वाचित दलित महिला सदस्य - १ जना

घ. सदस्य - महिला स्वास्थ्य स्वयंसेविका - १ जना

ङ. सदस्य - नजिकको विद्यालयको प्रधानाध्यापक - १ जना

च. सदस्य - स्थानीय उद्योग ब्यबसायीको प्रतिनिधि - १ जना

छ. सदस्य - महिला स्वास्थ्य स्वयंसेविका संजाल - १ जना

ज. सदस्य सचिव - स्वास्थ्य संस्था प्रमुख

(६) स्वास्थ्य क्षेत्रका लागि अन्य समितिहरु गठन गर्न आवश्यक देखिएमा समिति गठन र समितिको अन्य काम, कर्तब्य र अधिकार नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

**<u>६. समितिका काम कर्तव्य र अधिकारः</u>** (१) नगरस्तरीय र अन्य स्वास्थ्य तथा सरसफाई समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफनो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिका लाई आवश्यक राय प्रदान गर्ने,

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने,

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(झ) तोकिएवमोजिमका अन्य कार्यहरु गर्ने । आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने,

(ञ) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने,

(ट) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मुल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने,

(ठ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने,

(ड) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने,

(ण) केन्द्र, प्रदेश र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता संचालनः** (१) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नै वैंक खाता खोल्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता स्वास्थ्य संस्थाको ब्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) संस्थाको खाता तथा लेखा व्यवस्थापन र लेखापरीक्षण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेदः २

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :-** (१) नगरपालिका आफैले तोकिए बमोजिमको मापदण्ड अनुसार पन्ध्र शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाका प्रत्येक वडामा जनसंख्याको अनुपात समेत विचार गरी कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गरिनेछः

**(क) जनशक्तिः** स्वास्थ्य संस्थाहरुमा संघीय कानून बमोजिम तथा यस ऐन बमोजिम बन्ने नियमावली बमोजिम गठन भएको कार्यालय तथा व्यवस्थापन सर्भेक्षणका आधारमा जनशक्ति खटाईनेछ ।

तर, त्यस्तो सर्भेक्षण भई प्रतिवेदन प्राप्त हुनुपूर्व यो ऐन प्रारम्भ हुनु अघि संघीय सरकारले तोकेको मापदण्ड बमोजिम जनशक्ति खटाउन बाधा परेको मानिने छैन ।

**(ख) भौतिक पूर्वाधारः** प्रत्येक संस्थामा कम्तीमा एउटा प्रशासन कक्ष, एउटा औषधी भण्डारण तथा वितरण कक्ष, एउटा प्राथमिक उपचार कक्ष तथा आवश्यकता अनुसार अन्य भौतिक पूर्वाधार सहितको भवन हुनेछ ।

**(ग) उपकरणः** प्राथमिक उपचारका लागि आवश्यक पर्ने विभिन्न आधारभूत उपकरण

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

९. <u>**निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने**</u>:- (१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमती नगरपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने व्यक्ति वा निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा नवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालन को स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा तोकिएको मापदण्ड पूरा गरेमा यस्तो अस्पताल सञ्चालन को स्वीकृतीको आशय पत्र नगरकार्यपालिकाले तोकिए बमोजिमको अवधिभित्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यस ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालन को अनुमती प्रदान गर्न सक्नेछ ।

१०. <u>**अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः-**</u> (१)नगरपालिकाको स्वीकृतीमा सञ्चालन हुने पन्ध्र शैया सम्मको अस्पतालले देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछः-

(क) <u>जनशक्तिः</u> एमबिबिएस चिकित्सक कम्तीमा दुई जना, स्टाफ नर्स कम्तिमा चार जना, ल्याव टेक्निसियन कम्तिमा एक जना र आवश्यक मात्रामा सहायक कर्मचारी र सहयोगी कर्मचारी,

(ख) <u>भवन तथा कोठाः</u> दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ र अन्य

(ग) <u>उपकरण र पूर्वाधारः</u> सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, चौबिसै घण्टा विद्युत र खानेपानी सेवा

भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(२) अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **पोलिक्लिनिक सञ्चालनको अनुमती :-** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

१२. **प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात,

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम अठार महिने र तीन वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) तोकिएबमोजिमको अन्य विवरण

१३. **फार्मेसी सञ्चालन को अनुमती :-** (१) नगरपालिका क्षेत्रभित्र औषधि पसल तथा फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिंदा आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालन को अनुमती दिन सक्नेछ ।

(५) अन्य स्वास्थ्य संस्था र तालिम केन्द्र दर्ता गर्न दात, आँखा, आयुर्बेद लगायतका उपचार केन्द्र सञ्चालन को अनुमति दिन सकिने।

(६) दाँत तालिम, छोटो तीन सय तीस घण्टे स्वास्थ्य सम्बन्धी तालिम केन्द्र, आयुर्बेद औषधि पसल, परम्परागत आयुर्बेद घुम्ती पसल, होमियोप्याथिक पसल, फिजियोथेरापी पसल आदि ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :-** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालन को स्वीकृती लिँदा तोकिएको मापदण्ड पूरा नभएको तथा झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिई कारवाही प्रक्रिया अघि बढाईनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

१५. **सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः** (१) निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेदः ३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६.स्वास्थ्यकर्मी तथा कर्मचारीको व्यवस्थापनः** (१) नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाय बमोजिमका स्वास्थ्यकर्मी तथा कर्मचारीहरु रहने छन्:

(क) स्थायीः संघीय निजामती तथा स्वास्थ्य सेवाबाट समायोजन भई तथा कामकाज गर्न खटिएका कर्मचारीहरु,

(ख) अस्थायी, करार तथा ज्यालादारीः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार तथा ज्यालादारीमा कामकाजमा लगाईएका साथै संघ, प्रदेश र नगरपालिकाको कानून बमोजिम अस्थायी रुपमा कामकाज गरिरहेका कर्मचारी हरु ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा नगरपालिकाको करारमा कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि तथा मापदण्ड बमोजिम गरिनेछ ।

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले तोकिएबमोजिम कामकाजमा लगाउन सक्नेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वास्थ्य स्वयंसेविका सम्बन्धी ब्यबस्थाः स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन, जनचेतना फैलाउन, नगरपालिका पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(ख) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि एक्काईस वर्ष पुरा भई चालीस वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम दशम् कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(ग) एउटा वडामा अधिकतम संख्या दश हुने गरी औसत प्रति तीन सय जनसंख्याको लागि एक जना महिला स्वास्थ्य स्वयंसेविका र पाँच सय जनसंख्याको लागि एक जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्नसक्ने छ ।

(घ) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी सात दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिकाले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(ङ) यो ऐन प्रारम्भ हुनुपूर्व नगरपालिका अन्तर्गत कार्यरत महिला स्वयंसविकाहरु मध्ये निरक्षर र पचास बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरी तोकिएबमोजिम विदाई गरी योग्यता पुगेका व्यक्तिलाई नयाँ नियुक्ति गरिनेछ ।

(च) स्वयंसेविका तथा अभियानकर्ताहरु सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१७. सेवा सुविधाः** (१) नगरपालिका अन्तर्गत कार्यरत स्थायी, अस्थायी तथा करार कर्मचारीहरुको सेवा सुविधा तोकिएबमोजिम हुनेछ ।

(२) अभ्यासकर्ता स्वास्थ्यकर्मीहरुलाई निर्वाह भत्ताको रुपमा समान तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाइमा नबढ्ने गरी सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभियानकर्ता र स्वयंसेविकाको हकमा तोकिएबमोजिम पोषाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१८. संस्था प्रमुख सम्बन्धी ब्यवस्थाः** (१) संस्थाको प्रमुख तोक्दा सो संस्थामा कार्यरत कार्मचारीहरु मध्ये जेष्ठ कर्मचारीलाई तोकिनेछ ।

(२) अस्थायी, करार तथा अन्य कर्मचारीहरु मात्र कार्यरत रहेको संस्थाको हकमा समेत उपदफा (१) बमोजिम प्रमुख तोकिनेछ ।

**१९.कर्मचारी सरुवा सम्बन्धी ब्यवस्थाः** (१) स्थायी स्वास्थ्यकर्मीका हकमा प्रत्येक दुई वर्ष अवधि पुगेपछि अर्को संस्थामा तोकिए बमोजिम सरुवा गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थिती तथा संस्था प्रमुखको जिम्मेवारी दिनु पर्दा न्यूनतम अवधि पूरा नगरेको कर्मचारी पनि सरुवा गर्न बाधा पुगेको मानिने छैन ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(क) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने प्रमुखसँग, उक्त प्रमुखले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन सम्बन्धित सुपरीवेक्षक मार्फत आर्थिक वर्षको अन्त्यमा नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समितिले स्वास्थ्य तथा सरसफाई शाखा प्रमुखको शिफारिसमा तयार पारी नगरकार्यपालिका पेशगर्नु पर्नेछ ।

**२१. स्वास्थ्यकर्मी र कर्मचारी ब्यबस्थापन, दरबन्दी,तह मिलान/समायोजन र बिदाः** (१) स्वास्थ्यकर्मी र कर्मचारी ब्यबस्थापन, दरबन्दी,तह मिलान/समायोजन तोकिए बमोजिम गरिनेछ

(२) कर्मचारीलाई उपलब्ध गराईने बिदा संघीय निजामती सेवाका कर्मचारीले पाए सरह तोकिएबमोजिम हुनेछ ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा अति उत्तम नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र न्यून नतिजा हासिल गर्ने कर्मचारीलाई कारवाही तोकिए बमोजिम गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ४

**औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था**

**<u>२२. वार्षिक खरिद योजना बनाउनु पर्नेः</u>** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोग र समन्वयमा खरिद एकाईले तयार गर्नेछ ।

**<u>२३. औषधी तथा स्वास्थ्य उपकरण खरिदः</u>** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सावजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**<u>२४. औषधी तथा स्वाथ्य उपकरणको भण्डारणः</u>** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था स्वास्थ्य शाखाले मिलाउने छ ।

(२) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

परिच्छेद ५

**<u>स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था</u>**

**<u>२५. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिन सक्नेछ ।

**<u>२६. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः</u>** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमासञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी अन्य व्यवस्था संघीय कानून, प्रदेश कानून तथा तोकिएबमोजिम हुनेछ ।

**<u>२७.सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः</u>** (१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## <u>परिच्छेद ६</u>

## <u>महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था</u>

**<u>२८.रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः</u>** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी चौविस घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी पाँच दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिका स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**<u>२९. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्नेः</u>** (१) नगरपालिका स्तरमा रोगको महामारी फैलिएमा नगरपालिका सोको प्रभाव क्षेत्र निर्क्योल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३०.सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिका छुट्टै अनुमती लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ विक्री वितरण गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिका कारवाही गर्न सक्नेछ ।

**३१.सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः** (१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुरया् उने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(६) नगरपालिकाले कुहिने,नकुहिने र पुनःप्रयोग गरिने फोहरहरुलाई बिभिन्न आधुनिक तरिका अपनाई ब्यबस्थापन गर्न सक्ने

## परिच्छेद ७

## विविध

**३२. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप नीजि स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र बाट सिफारिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**<u>३३.राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्नेः</u>** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

**३४.** आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३५.**नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३६.नगरपालिका आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३७.पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

३८. अन्यः (१) नगरपालिकाको बजेट र मदिरा र सुर्ती बिक्रेतालाई प्रचलित करमा एक दशमलव पाँच प्रतिशत कर थपेर नगर स्वास्थ्य सहयोग कोष बनाउन सकिनेछ ।

(२) साठी वर्ष पुगेका, एक बर्ष मुनिका बालबालिका, स्वयं सेविका, बिपन्न वर्ग, सडक बालबालिका र मानसिक रोगी लाई स्थानीय अस्पतालमा निशुल्क उपचारको ब्यबस्था मिलाइनेछ ।

(३) स्वास्थ्य संस्था हरुमा पाँच वर्ष मुनिका बालबालिकाहरु लाई सीबीआईएम सेवा निशुल्क गरिनेछ ।

(४) सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा रक्तचाप र मधुमेह रोगको औषधि निशुल्क वितरण गर्ने

(५) प्रत्यक वडाहरुमा बार्षिक निःशुल्क जेष्ठ नागरिक र महिलाको लागि स्वास्थ्य शिबिर सञ्चालन गर्ने,

(६) लोपोन्मुख जाति हरुका सदस्य हरुको स्वास्थ्य बिमा गरिदिने,

(७) प्राथमिक विद्यालयका बिद्यार्थी हरुको अर्धवार्षिक रुपमा महिनामा सम्बन्धित स्वास्थ्य संस्था बाट आँखा, दाँत र श्रवण शक्ति जाँच गर्ने व्यवस्था मिलाउने,

(८) विद्यालयहरुमा प्राथमिक उपचार किट व्यवस्था मिलाउने,

(९) आधारभूत तथा माध्यमिक विद्यालयहरुमा महिनावारी प्याड र आराम बेडको ब्यबस्था मिलाउने,

(१०) प्रत्येक तीन तीन महिनामा चालीस बर्ष माथिका मानिसहरुको लागि स्वास्थ्य शिबिर सम्बन्धित स्वास्थ्य संस्था मार्फत मिलाईनेछ ।

(११) स्वास्थ्य संस्था सुद्रीधिकरणः

क. स्वास्थ्य संस्था बाट दिईने सेवालाईसफ्टवयरमा लिने, सम्पूर्ण स्वास्थ्य सेवाहरुको रिपोरटिंग अनलाईन मा

ख. बर्थिंग सेन्टरहरु बढाउदै लिने, पन्ध्र हजार जनसंख्या सेवा क्षेत्र भएको स्वास्थ्य चौकी लाई ५ बेड अस्पतालमा स्तरोन्नति गर्ने,आबस्यकता अनुसार स्वास्थ्य चौकी हरुमा,एम्बुलेन्स उपलब्ध गराउने,सबै स्वास्थ्य चौकी हरुमा एक्स-रे,ल्याबरई,ई.सी.जी.उपलब्ध गराउने,सबै बर्थिंग सेन्टर हरुमा आधुनिक प्रसुती बेड र इन्कुबेटर आदि उपलब्ध गराउने

ग.गाउघर/खोप केन्द्र भवन निर्माण गर्ने सामुदायिकरशहरी केन्द्र का भवननिर्माण गर्ने,स्ट्रेचर मर्मतरखरिद गर्ने आदि......

४०. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४१. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्न सक्नेछ ।

४२.बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा— अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगरकार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।